नेपाल, गण्डकी  प्रदेश , म्याग्दी ,बेनी नगरपालिका

# बेनी राजपत्र

**खण्डः ०४** **संख्याः.०३** **मितिः २०७८।०५।१५**


बेनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

## बेनी नगरपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारीको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन , २०७८

प्रमाणिकरण मिति : २०७८।०५।१५

प्रस्तावनाः सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरु समायोजन भई बेनी नगरपालिकामा कामकाज गर्न खटिए पश्चात साबिकको  स्थानीय निकाय सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको समायोजन नभएको कारण बेनी नगरपालिकाको  समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, सम्वत् २०७४  सालदेखि विज्ञापन र बढुवा नहुँदा कर्मचारीहरुको बृत्ति  विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ को  दफा ६ को उपदफा (४) समेतलाई आधार मानी स्थानीय सेवामा कार्यरत  रहेका साबिकका नगर सेवामा र अन्य स्थानीय निकायबाट सरुवा भई नगरपालिकामा पदस्थापन  भएका कर्मचारीहरुको समायोजन गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न  वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२  को उपदफा (१) बमोजिम बेनी नगरपालिकाको नगर सभाले यो  ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बेनी नगरपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारीको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कर्मचारी" भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको बेनी नगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी वा अन्य स्थानीय निकायवाट समायोजन हुँदा बढुवा नभई बेनी नगरपालिकामा पदस्थापन भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बेनी नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) "नगर सभा" भन्नाले बेनी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "स्थानीय सेवा" भन्नाले बेनी नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भइ कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले बेनी नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) "स्थानीय कानुन" भन्नाले बेनी नगरपालिकावाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

**३. स्थानीय सेवाका कर्मचारी समायोजन गर्नेः**

(१) साविकको स्थानीय निकायको रुपमा नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई नगरपालिकामा सरुवा, पदस्थापन भएका र यो ऐन जारी हुदाँका बखत नगरपालिकामा कार्यरत नगर सेवाका कर्मचारीहरुको समायोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कम्तिमा ५ बर्ष स्थायीरुपमा कार्यरत र न्युनतम शैक्षिक योग्यता पुगेका स्थानीय सेवाका कर्मचारीहरुको समायोजन देहाय वमोजिम हुनेछ:

| क्र. सं. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | कैफियत |
|---|---|---|---|
| १. | सहायकस्तर चौथो | सहायकस्तर पाचौं | |
| २. | सहायकस्तर पाचौ | अधिकृतस्तर छैठौं | |
| ३. | अधिकृतस्तर छैठौं | अधिकृतस्तर सातौं | |

(३) उपदफा (१) बमोजिम कम्तिमा ५ बर्ष स्थायीरुपमा कार्यरत र न्युनतम शैक्षिक योग्यता नपुगेका स्थानीय सेवाका कर्मचारीहरुको हकमा समायोजन देहाय वमोजिम हुनेछ:

| क्र. सं. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | कैफियत |
|---|---|---|---|
| १. | सहायकस्तर चौथो | सहायकस्तर चौथो | दुई ग्रेड थप गर्ने |
| २. | सहायकस्तर पाचौ | सहायकस्तर पाचौ | दुई ग्रेड थप गर्ने |

(४) कुनै पनि कर्मचारीले विभागीय सजाय पाएको रहेछभने निजलाई उक्त अवधि भुक्तान नभए सम्म यो समायोजनको लागि योग्य मानिने छैन ।

(५) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ ।

(६) यस दफा वमोजिम स्थानीय सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(७) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्नेछन् ।

**४. समायोजनको पत्र दिनेः**

(१) यस ऐन वमोजिम समायोजन भएपश्चात  स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम दिइने पत्र अनुसूची–१ वमोजिमको हुनेछ ।

**५. पदस्थापन गरिने :** यस ऐन वमोजिम समायोजन भएपश्चात  नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी  पुनरावलोकनले निर्धारण गरेवमोजिम मिल्दो सेवा समूहको पदमा  प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

**६. समायोजन भएका कर्मचारीहरुको सेवा सुविधाः** यस ऐन वमोजिम  समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य  सुविधा प्रचलित कानुनले तोकेवमोजिम हुनेछ ।

**७. पुल दरवन्दी सम्वन्धी व्यवस्थाः** दफा ३ वमोजिम समायोजन भएका  स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु  अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी  समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन  गर्नुपूर्बको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

**८. जेष्ठताको गणनाः** (१) यस ऐन वमोजिम समायोजन हुने  कर्मचारीहरुको जेष्ठता समायोजन भएको मिति देखि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुबिधा भने यो ऐन जारी भएपश्चात मात्र लागु हुनेछ ।

**९. कर्मचारी कल्याणकारी कोषमा आवद्ध हुने :** यस नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको लागि कर्मचारी कल्याण कोषमा आ.व. को अन्त्यमा एक महिनाको तलव रकम बराबर कोषमा जम्मा गरिदै आएकोमा नगरपालिकाको आन्तरिक श्रोतबाट तलव सुबिधा लिने गरी नियुक्ति भई निरन्तररुपमा सेवा गरी  रहेका करारका कर्मचारीहरु पनि उक्त रकम बराबरको कर्मचारी कल्याणकारी कोषमा आवद्ध हुनेछन ।

**१०. आवश्यक व्यवस्था मिलाउनेः** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै  कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी  आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**अनुसूची १**

दफा ४ को उपदफा (२) सँग सम्वन्धित

**समायोजन पत्र**

पत्र सख्या :

चलानी न. मिति...................

श्री ..........................

...............................

कर्मचारी संकेत नम्बर

विषयः समायोजन गरिएको सम्वन्धमा ।

कर्मचारी समायोजन ऐन, २०७५ र बेनी नगरपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारीको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ बमोजिम ................................. देखि जेष्ठता गणना हुने गरी तपाईलाई बेनी नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| साविकको विवरण | समायोजन पछिको विवरण |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समुह : | पद :<br>तह :<br>सेवा :<br>समुह : |

..............................

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।

श्री प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश, पोखरा ।

श्री कर्मचारी संचय कोष, ठमेल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

श्री आर्थिक प्रशासन शाखा, बेनी नगरपालिका ।

**आज्ञाले,**

प्रमाणीकरण मिति २०७८/०५/१५

छविलाल सुबेदी

प्रमुख प्रशासकीय अधिकृत